



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक २ | कात्तिक २०८० | Year 31 Vol 2 | Oct.-Nov. 2023


## राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समिति अध्यक्ष बाबुराम सुवेदीद्वारा गभर्नर समक्ष शपथ ग्रहण





**काठमाडौं, १७ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सञ्चालक समितिका नवनियुक्त अध्यक्ष बाबुराम सुवेदीले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ बमोजिम शुक्रबार पद तथा गोपनीयताको शपथ लिनु भएको छ । यसअघि बैंक सञ्चालक समितिको बिहीबार बसेको बैठकले बाबुराम सुवेदीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । नवनियुक्त अध्यक्ष बाबुराम सुवेदीले अर्थशास्त्र तथा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तिर्ण गर्नुभएको छ । साथै, उहाँ नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव हुनुहुन्छ ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा.निलम तिम्सिना ढुङ्गाना, राष्ट्र बैंकका उच्च पदाधिकारीहरु र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्वय देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, कम्पनी सचिव हेमराज खरेल लगायतको उपस्थिति रहेको थियो । ■

## अब हिमाल रेमिटको रेमिटान्स भुक्तानी राष्ट्रिय वाणिज्य बैंक मार्फत

**काठमाडौं, १४ असोज**

अब हिमाल रेमिटको रेमिटान्स भुक्तानी राष्ट्रिय वाणिज्य बैंक मार्फत हुने भएको छ । बिश्वका जुनसुकै देशहरुमा रहनुभएका आफन्तहरुले हिमाल रेमिटबाट पठाएको वैदेशिक रेमिटान्स अब राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ७७ जिल्लामा रहेका २८४ वटा शाखा कार्यालयहरुबाट भुक्तानी हुने भएको छ । दूर दराजमा रहेका ग्राहकहरुले पनि यो सुविधा प्राप्त गर्न सक्नेछन । यसपछि बैंकका ग्राहकहरु तथा अन्य वैदेशिक रेमिटान्स प्राप्त गर्ने ग्राहकहरुलाई नेपालमा रेमिटान्स प्राप्त गर्न सहज हुने भएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र हिमाल रेमिटका लागि प्रिन्सिपल एजेन्ट सि एफ एस रेमिट प्रा.लि.का बीच यस अघि भएको सम्झौतापत्रमा बैंकका तर्फबाट विभागीय प्रमुख ऋषि राम ढकाल र प्रिन्सिपल एजेन्ट सि एफ एस रेमिटका प्रमुख कार्यकारी अधिकृत बवि शर्माले हस्ताक्षर गर्नुभएको थियो । ■



# Tik Tok भिडियो प्रतियोगिताको विजेता घोषणा




**काठमाडौं, १३ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मार्केटिङ्ग विभागद्वारा २०८० सालको हरितालिका तीजको अवसरमा भएको टिकटक भिडियो प्रतियोगिताको बिजेता घोषणा भएको छ ।

बैंकका आन्तरीक कर्मचारीहरु बीच भएको टिकटक भिडियो प्रतियोगिता मध्ये हेमन्त न्यौपाने प्रथम भई नगद बीस हजार रुपैया, रमन पंगेनी द्धितीय भई दश हजार रुपैया, अनिता बराम् र रन्जना गिरी तृतीय भई जनही दुई हजार पाँच सय रुपैया तथा अन्य बीस जनाले सान्त्वना पुरस्कार स्वरुप जनही दुई/दुई हजार रुपैया पाउन सफल हुनु भएको छ । त्यस्तै अन्य सर्वसाधारण माझ भएको टिकटक भिडियो प्रतियोगिता मध्ये क्रेजीसन्तोष५ आइडी प्रथम भई नगद पचास हजार रुपैया, अनमिकाभुषाल३ आइडी द्धितीय भई तीस हजार रुपैया, नेत्रडटअफिसियल-०७ आइडी तृतीय भई बीस हजार रुपैया तथा अन्य छ जनाले सान्त्वना पुरस्कार स्वरुप जनही पाँच/पाँच हजार रुपैया पाउन सफल हुनु भएको छ ।

मिति २०८० असोज १ देखि ७ गतेसम्म बैंकका कर्मचारीहरु माझ र अन्य सर्वसाधारण माझ छुट्टा छुट्टै सञ्चालन भएको टिकटक भिडियोको इन्गेजमेण्ट र क्रियटिभिटीको आधारमा निर्णायक मण्डलका सदस्यहरुले दिएको अंक बमोजिम भिडियो छनौट गरी विजेता घोषणा गरिएको मार्केटिङ्ग विभागका विभागीय प्रमुख अच्युत गौतमले बताउनुभयो । ■

# बैंकद्वारा शुभकामना आदन-प्रदान कार्यक्रम आयोजना

**काठमाडौं, ३ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा नेपालीहरुको महान चाड दशैं, तिहार, छठपर्व २०८० तथा नेपाल सम्वत् ११४४ को अवसरमा शुभकामाना आदन-प्रदान कार्यक्रमको आयोजना गरिएको छ । बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले शुभकामना मन्तव्य व्यक्त गर्दै कार्यक्रममा अध्यक्षतामा गर्नुभएको थियो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल र दुर्गा कुमारी कँडेल, विभागीय प्रमुखहरु राज्य लक्ष्मी खड्गी, भोलाप्रसाद पौडेल, रा.वा.बैंक कर्मचारी संघ नेपालका महासचिव रविन्द्रप्रसाद चौंलागाई, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका बरिष्ठ उपाध्यक्ष मिलन नेपाल, नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा.बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन ब्रान्च अप्रेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले गर्नुभएको थियो । उक्त कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु, बागमती प्रादेशिक कार्यालयका प्रा.प्रबन्धक, मुख्य शाखा कार्यालयका प्रबन्धक, कर्पोरेट शाखाका प्रबन्धकहरुको उपस्थिति रहेको थियो । ■

# एडभान्स् एक्सेल सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १७**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एडभान्स् माइक्रोसफ्ट एक्सेल सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ । कात्तिक १५ देखि १७ गतेसम्म बैंकका विभिन्न विभाग तथा मुख्य शाखा कार्यालयमा कार्यरत २४ जना कर्मचारीहरु सहभागी भएको तालिममा Excel essentials, Formatting and ease of use, Data analysis, Advanced worksheet functions, Advanced Calculations, Advanced data analysis and representations, Templates and printing, Lookup, Use of pivot table सम्बन्धी विषयमा सिए मनोज काफ्ले विषयगत प्रशिक्षण दिनुभएको थियो । ■

**युनियन गतिविधि**

# बैंकमा क्रियाशिल ट्रेड युनियनद्वारा संयुक्त शुभकामना कार्यक्रम आयोजना






**काठमाडौं, १ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा क्रियाशिल तीनवटै ट्रेड युनियनद्वारा नेपालीहरुको महान चाड दशैं, तिहार, छठपर्व २०८० तथा नेपाल सम्वत् ११४४ को अवसरमा शुभकामाना आदन-प्रदान कार्यक्रमको आयोजना गरिएको छ । रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा.बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले संयुक्त रुपमा अध्यक्षता गर्नुभएको कार्यक्रमको प्रमुख अतिथि बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल हुनुहुन्थ्यो । कार्यक्रममा तीनवटै ट्रेड युनियनका अध्यक्ष तथा प्रमुख अतिथिद्वारा चाडपर्वका अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

रा.वा.बैंक कर्मचारी संघ नेपालका महासचिव रविन्द्रप्रसाद चौलागाईले सञ्चालन गर्नुभएको कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका महासचिव सुदिन के.सी. र नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा.बैंकका महासचिव उभार पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा तीनवटै ट्रेड युनियनका पदाधिकारी र सदस्यहरु, बैंकका उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु/उपप्रमुखहरु, कम्पनी सचिव, शाखा प्रबन्धकहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । ■

**तालिम विदेश**

◆National Banking Institute Ltd.ले Frankfurt School of Finance & Management, Germany मा सञ्चालन गरेको Executive Training Program मा मिति 2023 Sep. 25-29 सम्म नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले भाग लिनु भएको छ ।

◆Banking, Finance & Insurance Institute of Nepal ले Victoria University, Melbourne, Australia मा सञ्चालन गरेको Leadership Development Program मा मिति 2023 Oct.2-6 सम्म उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीले भाग लिनु भएको छ ।

◆TrustBiz P.Ltd.ले थाइलैण्डको बैंककमा सञ्चालन गरेको International Training and Study Visit on Leadership and Management for Bank Executives विषयक तालिम कार्यक्रममा मिति 2023 Sep. 25-28 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ ।

१. प्रबन्धक(सु.प्र.) रामप्रसाद जोशी (११३०२)
२. प्रबन्धक(सु.प्र.) उभार पाण्डे (११३८९)
३. प्रबन्धक(सु.प्र.) दयाराम पन्त (११३००)
४ प्रबन्धक बेदप्रसाद खनाल (११०६४)
५. प्रबन्धक सुरेन्द्र यादव (१२४४२)
६. प्रबन्धक जितेन्द्रसिंह थापा (९३०२)

# हार्दिक श्रद्धान्जली



जन्मः वि.स.२०५३।१०।१४

स्वर्गारोहणः वि.स. २०८०।०७।१२

**स्व. राजसागर अधिकारी**

**राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय त्रिअविमा कार्यरत सहायक राजसागर अधिकारी (१२९७५) को मिति २०८० कात्तिक १२ गते असमायीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित परिवारजन प्रति समवेदना प्रकट गर्दछौं ।**

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

# सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २५ काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैकको कोशी, मधेश, बागमती र गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतका सररकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ३७ जना कर्मचारीहरुलाई लक्षित गरी गत असोज २४ र ३५ गते चितवनको भरतपुरमा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ । सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, हिसाब मिलान र खाताबन्दी, प्रतिवेदन, विद्युतीय कारोबार(राजश्ज/अन्य), कोष र बैंकबीचको सम्बन्ध, राजश्व कारोबारको विधि र प्रक्रिया, पेन्सन कारोबार, कर कारोबार, स्थानीय तहको राजश्व कारोबार विषयमा प्रशिक्षकहरुबाट विषयगत तालिम प्रदान गरिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक रामचन्द्र शर्मा, वित्त विभागका प्रमुख सञ्जयकुमार श्रेष्ठ, प्रबन्धकहरु अर्जुनप्रसाद दहाल र विमलप्रसाद जोशी, काजी वस्नेत, रविन्द्रप्रसाद चौंलागाईं, सञ्जिब महर्जनले प्रशिक्षण दिनु भएको थियो ।







## समवेदना

यस बैंकका प्रा.का. कर्णालीमा कार्यरत प्रबन्धक होताराम योगी(११०६९) की माता केशरा कुमारी कुंवर, शा.का. सुर्खेतमा कार्यरत सहायक रमेश खड्का (११९०८) का पिता कृष्णबहादुर खड्का, शा.का.डोटीमा कार्यरत सहायक प्रबन्धक विनोद गिरी (१३३७६) का पिता केशबराज गिरी, शा.का. इटहरीमा कार्यरत नगद सहायक सुर्यबहादुर श्रेष्ठ (१०२८६) की माता लक्ष्मी श्रेष्ठ, के.का. कर्जा विभागमा कार्यरत प्रबन्धक उज्ज्वल ढकाल (११६९७) का पिता जयभद्र ढकाल, शा.का. बयलबासमा कार्यरत सहायक रामबाबु पासवान (११७२४) का पिता विन्देश्वर पासवान, के.का. मानव संशाधन विभागमा कार्यरत बरिष्ठ सहायक श्रवणकुमार खत्री (११५४८) की माता मिना खत्री, शा.का.फलेवासमा कार्यरत शाखा प्रबन्धक भीमप्रसाद भण्डारी (१३०८७) का पिता गुनारथ भण्डारी, शा.का.पृथ्वीचोकमा कार्यरत शाखा प्रबन्धक हरिराम पराजुली (१२४३९) का पिता मनिरत्न पराजुली, शा.का. धनकुटामा कार्यरत बरिष्ठ सहायक ज्ञानमञ्जरी न्यौपाने (१२१३६) का सासुआमा हिरादेबी फुयल, शा.का. सु.ब.बिराटनगरमा कार्यरत सहायक मिथलेस कुमार यादब (१२४६३) का पिता रामप्रसाद यादब, शा.का. ठोसेमा कार्यरत बरिष्ठ सहायक रिता बराइली (१३४६६) का पिता चेतबहादुर विश्वकर्मा, के.का.सुचना प्रविधि विभागमा कार्यरत सहायक दिनेश अर्याल (१२९२०) का पिता डिल्लीराम अर्यालको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सुचना अधिकारी

**सहायक सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**